लुङग्री गाउँकार्यपालिकाको बैठक मिति २०८१/०२/०२ बैठक संख्याः १७

## संवत् २०८१ साल जेठ २ गते बसेको कार्यपालिकाको १७औं बैठकका निर्णयहरु:

**बैठकका प्रस्तावहरू:**

१. अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।

२. स्थानीय पूर्वाधार सहयोग (LISP) कार्यक्रम सम्बन्धमा।

३. कार्यविधि सम्बन्धमा।

(क) त्रिगाउँपालिका स्तरीय स्वास्थ्य संस्था फार्मेसी संचालन सम्बन्धी कार्यविधि, २०८१

४. विविध सम्बन्धमा।

(क) वास प्लानको सम्पर्क व्यक्ति (Focal Person) तोक्ने सम्बन्धमा।

(ख) राजश्व परामर्श समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा।

(ग) जिन्सी निरीक्षण समिति गठन सम्बन्धमा।

(घ) सहायक कम्प्युटर अपरेटर पदको विज्ञापन गर्ने सम्बन्धमा।

(ङ) नविकरणीय ऊर्जा प्रविधि जडान सम्बन्धमा।

(च) दायित्व व्यहोर्ने सम्बन्धमा।

**बैठकका निर्णयहरू:**

१. अघिल्लो कार्यपालिका बैठकमा गरिएका निर्णय उपर छलफल गरि समिक्षा गरियो।

२. **स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP)** सम्बन्धमाः नेपाल सरकार र संयुक्त अधिराज्य बेलायत सरकार बीच भएको समझदारी पत्र तथा आयोजना दस्तावेजमा उल्लेख भए बमोजिम आगामी आर्थिक वर्ष २०८१/०८२ मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (**LISP**) संचालन गर्नको लागि देहाय बमोजिमको विषयमा प्रतिबद्धता जनाउने।

देहायः

(क) आगामी आ.व. २०८१/०८२ को योजना तथा बजेट तर्जुमा प्रक्रियामा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम समावेश तथा सह-लगानीको हिस्सा विनियोजन गर्ने,

(ख) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सँगको सहकार्यमा मस्तिष्क मन्थनमा आधारित निर्णय प्रक्रिया अवलम्बन गरी स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्ने, स्थानीय पूर्वाधार विकासका लागि नविनतम् र सुधारिएका तरिका/साधन/विधि अवलम्बन गर्ने, स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सह-लगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शीर्षकमा समावेश गर्ने र खर्चको लेखाजोखा SuTRA र लेखा परीक्षण मार्फत गर्ने,

(ग) स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गर्ने र सो को जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मत सम्भारको योजना र बजेट तर्जुमा गर्ने,

(घ) स्थानीय तह पूर्वाधार सेवा प्रवाह एवम् मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन गर्ने,

(ङ) पूर्वाधार विकास योजना आवधिक योजनामा समावेश गर्ने,

जीत बहादुर परियार (प्रमुख प्रशासकीय अधिकृत)

भरत कुमार थापा गा.पा.अध्यक्ष

(च) स्थानीय तहको कार्यपालिका र पूर्वाधार विकास समितिको सक्रियतालाई कायम राख्ने,

(छ) स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (LISA) अवलम्बन गर्दै क्रमशः सुधार गर्ने।

३. **कार्यविधि सम्बन्धमाः** देहायको कार्यविधि माथि छलफल गरी आगामी कार्यपालिका बैठकबाट पारित गर्ने।

(क) त्रिगाउँपालिका स्तरीय स्वास्थ्य संस्था फार्मेसी संचालन सम्बन्धि कार्यविधि, २०८१

४. **विविध सम्बन्धमाः** देहायका विविध विषयहरूमा निर्णय गरीयो।

(क) **वास प्लानको सम्पर्क व्यक्ति (Focal Person) तोक्ने सम्बन्धमाः** लुङ्ग्री गाउँपालिकाको वास प्लानको सम्पर्क व्यक्ति (Focal Person) को रुपमा लुङ्ग्री गाउँपालिकामा पूर्वाधार विकास शाखामा कार्यरत खा.पा.स.टे., सहायकस्तर चौथो श्री इश्वरी कुमारी योगीलाई तोक्ने।

(ख) **राजश्व परामर्श समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमाः** लुङ्ग्री गाउँपालिकाको राजश्व परामर्श समितिले चालु आ.व २०८०/८१ सम्मको आन्तरीक राजश्व संकलनको अवस्थाको विश्लेषण, आगामी आ.व २०८१/०८२ को लागी आन्तरिक राजस्वको कुल अनुमान र राजस्वका दरहरू सहित पेश गरेको प्रतिवेदन पारित गर्ने।

(ग) **जिन्सी निरीक्षण समिति गठन सम्बन्धमाः** कार्यालयको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको लगत खडा गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ बमोजिमको जिन्सी निरीक्षण समिति गठन गर्न कार्यालय प्रमुखलाई जिम्मा दिने ।

(घ) **सहायक कम्प्युटर अपरेटर पदको विज्ञापन गर्ने सम्बन्धमाः** लुङ्ग्री गाउँपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार करारबाट पदपूर्ति गर्न मिल्ने दरबन्दीमा सहायक कम्प्युटर अपरेटर सहायकस्तर चौथो उल्लेख भए बमोजिम हाल कार्यालयमा उक्त पद रिक्त रहेको हुनाले कार्यपालिकाबाट स्वीकृत करारमा जनशक्ति व्यवस्थापन गर्न सम्बन्धी बनेको कार्यविधि अनुसार पदपूर्ति हुने गरी आवश्यक प्रक्रिया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी तोक्ने।

(ङ) **नविकरणीय उर्जा प्रविधि जडान सम्बन्धमाः** नवीकरणीय उर्जा प्रविधि जडान शीर्षकमा विनियोजन भएको रु. ८,००,०००।०० (अक्षरेपी आठ लाख रुपैयाँ) बजेटको परिधि भित्र रही लुङ्ग्री गाउँपालिका अन्तर्गतका देहायका स्वास्थ्य संस्था, विद्यालय र कार्यालयमा ५०० वाट क्षमताका सौर्य ऊर्जा (सोलार) र २०००VA का इन्भर्टर खरिद गरी जडान गर्ने।

<u>देहाय</u>

१. नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, पाङ
२. २ नं. वडा कार्यालय, सिर्प
३. आधारभूत स्वास्थ्य सेवा केन्द्र, जुतुङखोला
४. आधारभूत स्वास्थ्य सेवा केन्द्र, नम्जा
५. आधारभूत स्वास्थ्य सेवा केन्द्र, गोठेखर्क
६. ६ नं. वडा कार्यालय, गुम्चाल

जीत बहादुर परियार
(प्रमुख प्रशासकीय अधिकृत)

भरत कुमार थापा
गा.पा. अध्यक्ष

(च) **लुङ्ग्री गाउँपालिका समेत ३ जना विपक्षी भई फैसला भएको मुद्दाको दायित्व व्यहोर्ने सम्बन्धमाः** निवेदक डोर बहादुर खड्का र बेगम बहादुर रोकाले विरुद्ध रोल्पा जिल्ला लुङ्ग्री गाउँपालिकाका अध्यक्ष भरत कुमार थापा, लुङ्ग्री गाउँपालिकाको कार्यालय बडाचौर, रोल्पा र प्रमुख प्रशासकीय अधिकृत जीत बहादुर परियारको नाउँमा श्री उच्च अदालत तुलसीपुर दाङमा दायर गरेको ४ थान उत्प्रेषण र परमादेश मुद्दाको लिखित जबाफ, बहस, पैरवी र वारेसकर्ताको लागि भएको खर्च रकम रु १,२८,०००। (अक्षरेपी एक लाख अट्ठाईस हजार) अनुमोदन गरी सो खर्च लुङ्ग्री गाउँपालकाले छनोट गरेको कानून बमोजिमको प्रतिनिधि अधिवक्ता श्री रामशरण चौधरीलाई बुझाउने सम्बन्धित व्यक्तिलाई भरपाईको आधारमा सोधभर्ना भुक्तानी दिने,

(छ) **नेपाल बैंक लि., लुङ्ग्री शाखासँग देहाय बमोजिमको प्रतिबद्धता गरियो ।**

(१) नेपाल बैंक लिमिटेड संग लामो समयदेखि संस्थागत निक्षेप तथा सरकारी कारोबार गरिरहेको हाम्रो श्री लुङग्री गाउँपालिकामा कम्तीमा तीन (३) वर्ष देखी अनवरत कार्यरत रहेका तथा सेवा अवधि कम्तीमा पाँच (५) वर्ष बाकी रहेका कर्मचारीहरूको निजहरूले प्राप्त गर्ने तलबबाट व्याज वा किस्ता रकम भुक्तानी गर्ने प्रतिबद्धता सहित नेपाल बैंक लि., लुङ्ग्री शाखा सँग बैक नियमअनुसार सम्झौता गरी ऋण उपलब्ध गराउन आवश्यक संस्थागत सिफारिस गर्ने।

(२) यस लुङग्री गाउँपालिकामा कार्यरत कर्मचारीहरूलाई बैंक नियमअनुसार उपलब्ध गराएको ऋणको सम्पुर्ण किस्ता वा ब्याज बैंकको तत् तत् समयका नियमअनुसार विलम्ब नगरि तोकिएको समय भित्र भुक्तानी गर्ने व्यवस्था मिलाउने।

(३) यस लुङग्री गाउँपालिकामा कार्यरत सम्पुर्ण स्थायी, अस्थायी तथा करार कर्मचारीहरुको तलव नेपाल बैंक लिमिटेड, लुङग्री शाखामा खाता मार्फत जम्मा गराउने तथा ऋण सिफारिस गरिएका कर्मचारीहरुले प्राप्त गर्नुपर्ने तलव बैंक नियमअनुसार ब्याज वा किस्ता कट्टा हुने सम्बन्धित खातामा लुङ्ग्री गाउँपालिकाको तर्फबाट जम्मा गर्ने ।

(४) बैंक नियमनुसार ऋण उपलब्ध गराइएका यस संस्थामा कार्यरत कर्मचारीहरू यस संस्थाबाट स्थानान्तरण वा हट्नुपर्ने कुनै अवस्था आई परेमा बाँकि सम्पूर्ण सावा-ब्याज निजले प्राप्त गर्नुपर्ने सम्पूर्ण अनुदान, संचयकोष तथा अन्य सेवा सुविधा, सेयर तथा घर-जग्गामा बैंकको प्रथम अधिकार रहने गरि निजको कर्जा चुक्ता गराउन यस संस्थाबाट पूर्ण सहयोग रहने।

(५) नेपाल बैंक लिमिटेड, लुङ्ग्री शाखा सँग सेवाग्राही कर्जा सम्झौता गर्न तथा आवश्यक कागजातहरूमा दस्तखत गर्न यस गाउँपालिकाको बहालवाला प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने र माथि उल्लेखित प्रतिबद्धताको कार्यान्वयन गर्न/गराउन आर्थिक प्रशासन शाखाका शाखा प्रमुखलाई सम्पर्क व्यक्ति तोक्ने।

<u>निर्णय प्रमाणित गरिएको छ।</u>

जीत बहादुर परियार
(प्रमुख प्रशासकीय अधिकृत)

भरत कुमार थापा
गा.पा.अध्यक्ष